म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४ २०८० मंसिर २५ गते सोमबार 11 December 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाबन नगरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङ लगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणु लगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडा अस्पतालमा एनेस्थेसिया तालिम, ३ जना सहभागी


एनेस्थेसिया अध्ययन गर्ने विद्यार्थीलाई स्वागत गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा एक वर्षे एनेस्थेसिया सहायकको तालिम सुरु भएको छ । आइतबार बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव दीपक तिवारीले तालिमको उद्घाटन गर्नुभयो ।

तालिमलाई सम्बोधन गर्नुहुँदै सचिव तिवारीले अहिले प्रदेश सरकारले एनेस्थेसिया जनशक्तिको उत्पादन गर्न तालिम सुरु गरेको बताउनुभयो। यसअघि मन्त्रालयले विभिन्न पटक सुचना निकाले पनि उक्त जनशक्ति नपाएपछि मन्त्रालय आफैले तालिम सञ्चालन गरेर जनशक्ति उत्पादन गर्न लागेको उहाँले बताउनुभयो। एनेस्थेसिया जनशक्ति तयार गर्दा सुरक्षित मातृत्व कायम हुने उहाँको भनाई छ । एक वर्षे तालिम लिएपछि प्रदेश मातहतका अस्पतालहरुमा सेवाको अवसर पाउने उहाँले बताउनुभयो। आफैले निर्णय गरेकोले काम गर्न कुनै बाधा नहुने उहाँको भनाई छ ।

यस्तै प्रतिष्ठानका निर्देशक तथा तालिम संयोजक सागर प्रसाद घिमिरेले मातृ मृत्युदर घटाउन एनेस्थेसिया जनशक्तिको महत्वपूर्ण भूमिका रहने बताउनुभयो। अहिले एनेस्थेसिया जनशक्ति पर्याप्त नहुँदा अस्पतालमा समस्या भइरहेको उहाँले बताउनुभयो । एनेस्थेसियाको अनुपस्थितिमा शल्यक्रिया सेवा नै बन्द गर्नुपर्ने अवस्था देखा पर्ने उहाँले बताउनुभयो ।

जटिल किसिमका गर्भवतीलाई शल्यक्रिया गर्ने क्रममा बेहोस गराउने काम स्वास्थ्यकर्मी एनेस्थेसियाले गर्दछ । तालिममा तीन जना प्रशिक्षार्थीहरु सहभागिता छन् । मन्त्रालयले निकालेको सुचनामा पाँच जनाले निवेदन दिएकोमा तीन जना छनौट भएका हुन् । छनौट हुनेमा हेटौंडा अस्पतालमा कार्यरत हेल्थ असिष्टेन्ट सन्तोष कुमार माझी र सुरेश मोक्तान रहेका छन् । यस्तै धादिङ जिल्ला अस्पतालमा कार्यरत स्टाफ नर्स मेरी तामाङ रहेकी छन् । सहभागीमध्ये माझीले स्वास्थ्य मन्त्रालयबाट पूर्ण छात्रवृत्ति पाएका छन् भने दुई जनाले ३ लाख रुपैयाँ बुझाउनुपर्नेछ ।

तालिम उद्घाटन कार्यक्रममा प्रतिष्ठानका शिक्षाध्यक्ष डाक्टर सुरेन्द्र शेरचन, डीन डाक्टर दुर्गा कुमारी खड्का र अस्पतालका मेडिकल सुपरिटेन्डेन डाक्टर रामचन्द्र सापकोटा लगायतको आतिथ्यता रहेको थियो । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले पाँचौं कार्यक्रमको रुपमा एनेस्थेसियाको एक वर्षे तालिम कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । यसअघि प्रतिष्ठानले स्नातक तहमा नर्सिङ, पब्लिक हेल्थ, फर्मा र ल्याब कार्यक्रम सञ्चालन गरिरहेको छ ।

## गाँजासहित २ युवा पक्राउ

समाज संवाददाता

हेटौंडाः लागुऔषध गाँजासहित मकवानपुर प्रहरीले २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-१, बस्ने १९ वर्षीय नवीन स्याङ्तान र सुजित स्याङ्तान रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

आइतबार बिहान साढे ५ बजेको समयमा हेटौंडा-१०, बसपार्कबाट नवीन र सुजितलाई प्रहरीले लागुऔषध गाँजासहित पक्राउ गरेको हो । प्रहरी टोलीले पैदल हिँडिरहेको अवस्थामा शंका लागी सुरक्षाजाँच गर्ने क्रममा उनीहरुको साथबाट ८ किलो गाँजा फेला परेको हो । गाँजासहित उनीहरुलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## दुर्घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनमा सवारी दुर्घटनामा परी एकै दिन ३ जनाको मृत्यु भएको छ । शनिबार भएको छुट्टा छुट्टै सवारी दुर्घटनामा ६ जना घाइते भएको प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवनको माडी नगरपालिका-१, बरुवाको चिताई खोलाको पुलमा लु २ च २५०८ नम्बरको जीपले बाग्मती प्रदेश ०६००१ प ४०९३ नम्बरको मोटर साइकललाई ठक्कर दिँदा सूर्य अधिकारी र मोटरसाइकलको पछाडि बेगबहादुर खत्रीको मृत्युभएको छ । दुर्घटनामा भवानीप्रसाद पौडेल घाइते भई पुरानो मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ । चितवन खैरहनी नगरपालिका-१०, सिद्धार्थचोकमा मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ । राप्ती ड्याम साईडबाट पर्सातर्फ आउँदै गरेको ना ३४ प ९९९६ नम्बरको मोटर साइकल आफै अनियन्त्रित भई सडक छेउको बिजुलीको पोलमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकलमा सवार खैरहनी-२, काशीगाउँका २५ बर्षीय मनिष भट्टराईको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकल चालक खैरहनी-१, ज्यामिरेका २४ वर्षीय सचिन साह गम्भिर घाइते भएका छन् ।

## नगरप्रमुख लामा रुवाण्डामा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा अफ्रिकी मुलुक रुवाण्डा पुग्नुभएको छ । बिल एण्ड मेलिण्डा गेट्स फाउण्डेसनको समन्वय र अन्तर्राष्ट्रिय पानी संगठन (आइडब्लुए) को निमन्त्रणामा मंसिर २४ गते आइतबार देखि ४ दिनसम्म हुने पानी र विकास सम्मेलन तथा प्रदर्शनीमा सहभागी हुन नगरप्रमुख लामा रुवाण्डाको किगालीमा पुग्नुभएको हेटौंडा उपमहानगरपालिकाको फेसबुक पेजमा उल्लेख गरिएको छ ।

सम्मेलन सुरु हुने दिनमा नगरप्रमुख लामाको सहभागिताको विषयमा सामाजिक सञ्जालमार्फत उपमहानगरपालिकाले सामान्य जानकारी मात्रै राखेको छ। संयुक्त राष्ट्रसंघीय पानी कार्यक्रमको आयोजनामा भएको सम्मेलन तथा प्रदर्शनीमा नगरप्रमुखको सहभागिताको उद्देश्य, लक्ष्य र नगरप्रमुखको उपस्थितिले हुने लाभका विषयमा केही पनि उल्लेख गरिएको छैन। नगरप्रमुख कुन दिन रुवाण्डा प्रस्थान गर्नुभयो भन्ने पनि यकिन विवरण उल्लेख गरिएको छैन । नगरप्रमुखको वैदेशिक भ्रमणको विषयमा औपचारिक जानकारी समेत गराइएको छैन। फेसबुक पेज "हेल्लो हेटौँडा उपमहानगरपालिका" मा नगरप्रमुख लामासहित ६ जनाको फोटो समावेश गरिएको छ। फोटोमा देखिने व्यक्तिहरु को-को हुन् भन्ने पनि स्पष्ट छैन । नगरप्रमुख लामा फोटोको छेउमा उभिनुभएको हिसाबले उहाँसँग रुवाण्डा जाने व्यक्तिहरु उच्च पदस्थ हुनुहुन्छ भन्ने अनुमान लगाउन सकिन्छ ।

नगरप्रमुख लामा मंसिर १६ गतेदेखि २१ गतेसम्म चीनको भ्रमण गरेर फर्कनु भएको थियो । चीन भ्रमणको विषयमा पनि उपमहानगरपालिकाले कुनै किसिमको औपचारिक विवरण सार्वजनिक गरेको छैन । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्मासँग चीन जानुभएकी नगरप्रमुख लामा चीनबाट फर्के लगत्तै रुवाण्डा प्रस्थान गर्नुभएको अनुमान गर्न सकिन्छ । मंसिर २१ गतेसम्म चीनको भ्रमणमा रहनुभएकी लामा मंसिर २४ गतेदेखि सुरु हुने सम्मेलनमा सहभागी हुन रुवाण्डा जानुभएको हो ।

नगरप्रमुखमा निर्वाचित हुनु भएयता लामाले युरोपेली मुलुक नेदरल्याण्ड्ससँगै एसियाली मुलुक मलेसिया, चीन हुँदै अफ्रिकी मुलुक रुवाण्डाको भ्रमण गरिर हनुभएको छ । नगरप्रमुखको हालसम्मको भ्रमणको औपचारिक जानकारी, भ्रमणको उद्देश्य र लाभको विषयमा कुनै किसिमको समीक्षा हुन सकेको छैन । नगरप्रमुखको भ्रमणको विषयमा उपमहानगरपालिकाको कुनै पनि तहले औपचारिक र अनौपचारिक जानकारी दिने प्रचलन छैन ।

**घरभाडामा लिने सम्बन्धी सूचना**

*(प्रथम पटक प्रकाशित मितिः २०८०/०८/२५)*

**यस अस्पतालको मिति २०८०/०८/१९ को निर्णयानुसार क्वाटर प्रयोजनका लागि घरभाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरुले यो सूचना प्रथमपटक प्रकाशित मितिबाट ७ (सात) दिनभित्र अस्पतालले तोकेको ढाचामा निवेदन पेश गर्नहुन जानकारी गराइन्छ । यस सम्बन्धी विस्तृत सूचनाका लागि हटिया अस्पतालमा सम्पर्क राख्नुहुन अनुरोध छ ।**

**हटिया अस्पताल**
**हेटौंडा-१६, चिसापानी**

**हार्दिक बधाई शुभकामना**




**जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुर**को १८ औं साधारणसभाबाट **कल्पना श्रेष्ठ**को अध्यक्षतामा निर्वाचित उपाध्यक्ष मीना कुमारी चौरेल, सचिव वीरेन्द्रप्रसाद ढुंगाना, कोषाध्यक्ष विष्णुमाया लामा, सहसचिव विजयबहादुर बस्नेत, सदस्यमा हिमाल पौडेल, जुना दंगाल, जानकी चौधरी, यशोदा पराजुली, शर्मिला महत (उत्तर-पूर्वी क्षेत्र), सिताराम दाहाल (पूर्वीक्षेत्र), फणिन्द्रनाथ सुवेदी (उत्तरीक्षेत्र), शंकरप्रसाद कालाखेती (पश्चिमक्षेत्र), लेखा सुपरीवेक्षण समिति संयोजक मिठाराम दाहाल, लेखा सुपरीवेक्षण समिति सदस्य सचिता भट्टराई र कृष्ण विडारीलाई हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**सुमित्रा वाईबा, व्यवस्थापक**
**एवम् जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुर कर्मचारी परिवार**
**हेटौंडा, मकवानपुर**

मेला हेर्न

**बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०**

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म    हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :
-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता
खेल स्रष्टा सम्मानित



प्रवेश शुल्क
विद्यार्थी :रु ५०
सर्वसाधारण : रु७०

मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

## सम्पादकीय

# राजनीति र भ्रष्टाचार

मुलुकमा सार्वजनिक भएका ठूला भ्रष्टाचारको काण्डहरुमा राजनीतिक नेतृत्व जोडिने गरेको छ । सत्ता र शक्तिको आडमा राजनीतिक नेतृत्व भ्रष्टाचारमा लिप्त हुँदा विकास र समृद्धिको सपना देखेका आम नेपाली नागरिक भने निराश बन्दै गएका छन् । विकास, निर्माण र समृद्धिको शत्रुका रुपमा रहेको भ्रष्टाचार र घुसखोरीका घटना दिनहुँजस्तो सार्वजनिक भइरहँदा आम नेपालीलाई यसले झस्काइरहेको छ । हरेक सरकारले भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्ने उद्घोष गर्ने गरेको भए पनि सरकारका मन्त्री तथा राजनीतिक नेतृत्व भ्रष्टाचारमा संलग्न रहेको ठूला भ्रष्टाचारका काण्डहरु सार्वजनिक भइरहनुले राजनीति र भ्रष्टाचार एक अर्काको परिपूरकजस्तो देखिएको छ । निर्वाचनको समयमा सम्पूर्ण राजनीतिक पार्टीका घोषणापत्र र भाषणको विषय नै भ्रष्टाचारको अन्त्य गरी विकास र समृद्धि ल्याउने हुन्छ । घोषणापत्रमा दलहरुबीच विकास, निर्माण र समृद्धि प्राप्त गर्न देखिएको प्रतिस्पर्धा निर्वाचनपछि ओझेलमा परिरहेको छ ।

मुलुकमा राजनीतिक नेतृत्व पारदर्शी नहुँदा भ्रष्टाचार बढेको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बताएका छन् । शनिबार २० औं अन्तर्राष्ट्रिय भ्रष्टाचार विरुद्धको दिवसको अवसरमा आयोजित कार्यक्रममा मुख्यमन्त्रीले राजनीतिक दल पारदर्शी भए भ्रष्टाचार कम हुने बताएका हुन् । नेपालमा भ्रष्टाचार संस्कारको रुपमा फैलिनुमा मुख्य दोषी राजनैतिक दल भएको उनले बताए । आफ्नो फाइदाका लागि मन्त्रिपरिषद्बाट विभिन्न निर्णय गरेर भ्रष्टाचारलाई प्रोत्साहन दिइरहेको हुँदा सरकारले नै भ्रष्टाचारलाई प्रोत्साहित गरिरहेको पाइएको छ । कर्मचारीलाई राजनीतिक दलले दवावमा पारी कानुनविपरित काम गर्न लगाउने गरेको मुख्यमन्त्रीको भनाइ छ । बागमती प्रदेश सरकारलाई अख्तियारले २२ बुँदे निर्देशन दिएको भन्दै मुख्यमन्त्रीले अख्तियारका कारण कतिपय विकास निर्माणका काममा रोकावट ल्याएको बताएका छन् । अख्तियार निष्पक्ष भई सत्यको खोजी गर्न आवश्यक रहेको भन्दै मुख्यमन्त्रीले राम्रो उद्देश्यले गरिएका काममा साथ दिन र आफ्नो अधिकार न्यायको निमित्त प्रयोग गर्न उनले आग्रह गरेका छन् ।

सबैतिर भ्रष्टाचार मौलाइरहेको समयमा भ्रष्टाचारको छानविन गरी दोषीविरुद्ध मुद्दा चलाउँदै आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दैनिक सयौं उजुरी पर्ने गरेको छ । अख्तियारलाई तर्साउने हतियार बनाउने क्रम बढेको भन्दै यसप्रति चिन्ता व्यक्त गरिएको छ । भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्न सरकार असफल भइरहेको अवस्थामा अख्तियारमा भ्रष्टचारविरुद्ध उजुरी पर्नु स्वभाविक हो । आम नागरिकमा बढ्दै गएको सचेतना, सामाजिक सञ्जाल तथा आम सञ्चार माध्यम सहज पहुँचका कारण भ्रष्टाचारविरुद्ध उजुरी बढ्नुलाई अन्यथा मान्न नहुने भए पनि कुनै व्यक्तिप्रति असन्तुष्टि वा असमझदारी हुँदैमा उसलाई दुःख दिने नियतले बेनामे र झुटो उजुरी दिने परम्पराको विकास हुनु हुँदैन । यसले अख्तियारका कर्मचारी तथा अनुसन्धान कार्यमा नकारात्मक प्रभाव पार्न सक्छ । धेरैजसो झुटो उजुरी आउने क्रम बढ्दै जाँदा साँच्चै भ्रष्टाचारविरुद्धको उजुरीलाई पनि अख्तियारले बेवास्ता गर्ने सम्भावना बन्नसक्छ ।

भ्रष्टाचारका कारण नागरिकले दुःख पाउँदै गएपछि युवा वर्ग विदेशिने क्रम बढिरहेको छ । जनताको सेवा गर्न राजनीति गरेको भन्नेहरु भ्रष्टाचारमा लिप्त छन् । भ्रष्टाचारमा संलग्न अधिकांश व्यक्ति कुनै न कुनै राजनीतिक दलमा आवद्ध रहेको हुन्छ । राजनीतिक दलमा आवद्ध नहुनेले पनि भ्रष्टाचार गरेर दल तथा नेतालाई मोटो रकम सहयोग गर्ने गरेका हुन्छन् । अख्तियारमा पर्ने गरेको उजुरीले कतिपय काममा बाधा पुगे पनि यसलाई अन्यथा मान्नुहुन्न । अख्तियारमा उजुरी परेकै आधारमा विकासमा बाधा पुग्यो भन्नुभन्दा विकास निर्माणका काममा तोकिएको गुणस्तर कायम गरी समयमा सम्पन्न गराउन सबै राजनीतिक नेतृत्व र कर्मचारी प्रशासन गम्भीर बन्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
**वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
**मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
**कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
**सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
**कन्या** : दुरगामी लगानीमा ध्यान पुर्‍याउँदा राम्रो ।
**तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
**वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
**धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
**मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
**कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
**मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# सामुदायिक विद्यालयमा सिकाई वातावरण खोजौं

**चेतना नै सबै विकासको जरा हो । चेतना विद्यालयमा परिष्कृत हुन्छ । सिकाइले चेतना जगाउँछ । विद्यालयको सिकाइ नै दिगो सिकाइको जग हो ।**



राजुप्रसाद गौतम

भनाइ नै छ, "जग बलियो भए घर पनि बलियो हुन्छ ।" यो भनाइको सामान्यीकरण हरेक क्षेत्रमा गर्न सकिन्छ । जमिन राम्रो भए बाली सप्रन्छ भनेझैं । सामान्य आर्थिक स्रोत हुनेले थप आर्थिक उन्नति गर्न सक्छ भनेझैं । नेतृत्वको बलियो आधार सामाजिक सम्बन्ध हुनसक्छ । लेखन सीप राम्रो हुने पत्रकार र लेखक बन्न सक्छ । स्वर मीठो भएको व्यक्ति गायक बन्न सक्छ । आदि आदि । जसरी भने पनि सारमा कुरा यही हो । आधार बलियो भयो भने त्योभन्दा माथि अभ्यास र तालिम मिल्दा सबै बलियो हुन्छ । राम्रो हुन्छ ।

माथिको भनाइलाई सिकाइसँग जोड्ने हो भने अक्षरको राम्रो ज्ञानले शब्द बनाउने आधार दिन्छ । शब्दभण्डार राम्रो भए वाक्य निर्माणमा बल पुग्छ । राम्रो शाब्दिक ज्ञानले वाक्य संरचना हुँदै अनुच्छेद लेखन राम्रो हुन्छ । तर्क शक्ति र चिन्तन शक्ति अक्षरको राम्रो ज्ञानबाट प्राप्त हुन्छ । यस अर्थमा भाषाको विकासका लागि बलियो आधार भनेको अक्षरको सिकाइ राम्रो हुनु हो । विद्वानहरू भाषालाई त सिकाइको जननी पनि भन्ने गर्दछन् । त्यस्तै जोड, घटाउ, गुणन र भागको सिकाइका लागि अङ्क र सङ्ख्याको ज्ञान राम्रो हुनु जरुरी छ । जोड, घटाउ, गुणन र भागको आधारभूत क्रियाको सिकाइले सरलीकरणलाई सामान्य बनाइदिन्छ । सङ्ख्या, भिन्न, दशमलव, नाप, वीज गणितीय पदहरु, ज्यामितीय आधारभूत मान्यता, तथ्य र सिद्धान्तको अवधारणात्मक सिकाइले गणितका जटिल समस्या समाधानमा बलियो आधार प्रदान गर्दछ ।

यसरी मूत, अमूर्त अङ्क पदहरूको राम्रो ज्ञानले गणितसँग खेल्न सक्ने सीपको विकास गर्ने आधार दिन्छ । उदाहरण नै हेरौं न, कक्षा १० कोमस (HCF) र लस (LCM) को सिकाइका लागि खण्डीकरणको ज्ञान हुनु आवश्यक छ । खण्डीकरणका लागि विज गणितीय पदहरुका आधारभूत क्रियाहरु (जोड, घटाउ, गुणन र भाग) को अवधारणात्मक ज्ञान हुनै पर्छ । फेरि अङ्क गणितलाई नमिसाई बिज गणित चल्दैन । अङ्क गणितको मस र लस को अवधारणा राम्रो भएको विद्यार्थीले मात्र कक्षा दशको विज गणितको मस र लस बुझ्न सक्छ । अङ्क गणितको मस र लस सिक्न फेरि सङ्ख्याहरूको खण्डीकरण आवश्यक पर्छ । खण्डीकरणका लागि गुणनको ज्ञान नभई हुन्न । गुणनका लागि जोडको अवधारणा हुनु पर्छ । आखिरमा उही अङ्क र सङ्ख्यासँग नै नखेली नहुने रहेछ त । अङ्क र सङ्ख्या सिक्ने भनेको त कक्षा १ देखि नै हो नि ? पाठ्यक्रमले त त्यही भन्छ । त्यस्तै गणितका शाब्दिक समस्याहरूको बुझाइमा समस्या नै छ । यसो हुनुमा भाषाको सिकाइ कारक छ । शाब्दिक समस्यालाई गणितीय भाषामा परिवर्तन गर्न त पहिला समस्या बुझ्नु पर्छ । वाक्य संरचना बुझ्नु पर्‍यो । शाब्दिक ज्ञान हुनु पर्छ । यसरी हेर्दा त अङ्क र अक्षरका क्रियाबाट हुने बलियो सिकाइले नै माथिल्लो सिकाइलाई प्रभाव पार्दो रहेछ । आखिर विद्यार्थीले आफ्नो अनुभव, व्यवहारजन्य अवस्था र भोगाइबाट सिकेका ज्ञान तथा सीपको अभिव्यक्त गर्दा समेत अङ्क र अक्षरको राम्रो ज्ञान हुनु जरुरी हुन्छ । हुँदैन र ?

**विषय सन्दर्भ**: यस आलेखमा विद्यालयको सिकाइलाई जोड्न खोजिएको हो । दस कक्षा तथा माध्यमिक तह उत्तीर्ण मानिएका अधिकांश विद्यार्थीहरूले दुई अङ्कका सङ्ख्याको जोड, घटाउ, गुणन र भाग गर्दा क्यालकुलेटरको प्रयोग गर्नु, घरायसी सामान्य हरहिसाब गर्न नसक्नु, कसैलाई सम्बोधन गरी सामान्य निवेदन समेत लेख्न नसक्नु, नापको प्रयोग राम्रोसँग गर्न नजान्नु, सामान्य अंग्रेजीमा बोल्न नसक्नु आदि अहिले देखिएका वास्तविक व्यावहारिक समस्या हुन् । यी त भए तह पार गरेपछिका समस्या । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीलाई कुनै विषयमा एक अनुच्छेद नहेरी लेख भन्यो भने नसक्ने अवस्था छ । लेखे पनि बेढङ्गसित लेखिदिन्छन् । गणितका आधारभूत तथ्य, धारणा र क्रियाहरूको ज्ञानमा कमी हुँदा गणित विषय शिक्षण गर्नै कठिन छ । वास्तवमा यो विद्यालय शिक्षाको डरलाग्दो रूप हो । यसका कारण के हुन् ? समस्या कहाँनेर छ ? समाधान कसरी सम्भव छ ? आदि इत्यादि प्रश्नको उत्तर यस आलेखमा खोजिएको छ ।

**समस्याको चुरो**: हामी भुइँ नहेरी आकाशतिर हेर्दै हावामा दौडने कोसिस गर्‍यौं । हामी भन्नाले शिक्षकहरु, अभिभावकहरु, प्रअहरु, अनुगमनकर्ताहरु, नियामक निकायहरू, स्थानीय सरकारहरू, सम्बन्धित सबै-सबै । सम्बन्धित कक्षाका शिक्षकहरुले कक्षा गएपछि जेसुकै गर्छन् ।' भनेर राम्रो सिकाइ सहजीकरणमा अल्छी गर्‍यौं । माथिल्ला कक्षामा अध्यापन गर्नेले तल्लो तहकाले केही सिकाएनन् भनेर उनीहरूलाई दोषी देखायौं । यस्तै आरोप प्रत्यारोपका बीच जुन कक्षामा जुन सिकाइ उपलब्धि हासिल हुनुपर्ने हो त्यो नभई फटाफट विद्यार्थी कक्षा चढिरहे । अभिभावकहरुले एकैचोटि कक्षा ९/१० मा ट्युसन, कोचिङ् पढाइदिने सबै सिकाइ एकैचोटि हुन्छ भन्ने मानसिकता बोक्यौं । प्रअहरूले तल्ला कक्षाको सिकाइ कसरी बलियो बनाउन सकिन्छ भनेर चिन्तन गरेनौं । कुनै योजना बनाएनौं । बरू दश कक्षामा ट्युसन, कोचिङ पढाएर र विद्यार्थीलाई होस्टेल राखेर रटाउने र एसइइमा मात्र कसरी राम्रो जिपिए आउँछ भनेर साम-दाम गर्ने बुद्धि निकाल्यौं । तर पनि सकेनौं । सायद गुणस्तर भनेको त्यही होला, अङ्क त मेसो परे मात्र ल्याउने हो ।

खास त गुदी नै हुनुपर्छ होला । अनुगमनकर्ताहरूले विद्यालयको भौतिक पाटो र विद्यार्थी सङ्ख्या मात्र खोतल्यौं । एसइइमा कुन विद्यालयले कुन विषयमा कति औसत जिपिए प्राप्त गरे भनेर तथ्याङ्कमुखी मात्र बन्यौं । सोही आधारमा शिक्षक र विद्यालयको वर्गीकरण गर्न थाल्यौं । प्रारम्भिक तहमा सिकाइ कसरी हुनुपर्ने थियो र कसरी भएको छ तुलनात्मक अध्ययन गर्ने चेष्टा गरेनौं । नियामक निकायले नियममा मात्र विद्यालय शिक्षाको कसरी जाँच्न खोज्यौं । स्थानीय सरकार, जसले विद्यालय शिक्षाको जिम्मेवारी पाएको छ, झन् गैरजिम्मेवार देखियो । सबै शिक्षकले गर्ने त हो भनेर पन्छिने काम गर्‍यो । शिक्षकलाई गाली मात्र गर्न तम्सियो । आठ कक्षाको उपलब्धि परीक्षालाई व्यवस्थित गर्न सकेन । न आफुले गर्‍यो न विद्यालयलाई जसको जति सिकाइ भएको छ त्यति मात्र उपलब्धि देखाउन नियमन गर्‍यो । फलस्वरुप ३ अङ्क आउनेलाई पछाडि ५ थपेर विद्यालयले पठाएको नतिजालाई आँखा चिम्लेर सहीछाप ठोकिदियो र वैधानिक बनाइदियो । अनि त एसइइ र कक्षा १२ को परीक्षाको नतिजा आउँदा विद्यालयहरुको हविगत देखियो ।

कक्षा एकदेखि सातसम्म कसरी सिकाइ भइरहेको छ भनेर स्थानीय सरकारले पनि सुक्ष्म अध्ययन गरेन । अर्थात् थाहा पाएर पनि नपाएजस्तो गर्‍यो ? तल्ला कक्षाको सिकाइलाई बलियो बनाउन कुनै योजना ल्याएन । शिक्षक व्यवस्थापनमा ध्यान दिएन । आधारभूत तहमा अध्यापनरत शिक्षकहरूको पेसागत विकासमा वास्ता गरेन । ठूला-ठूला भौतिक पूर्वाधारमा मात्र ध्यान दियो । शिक्षा मन्त्रालय र मानवस्रोत विकास केन्द्रले के भन्छन्, के दिन्छन् भनेर माथि मात्रै हेरिरह्यो । आधारभूत शिक्षाको सुधारमा परिवर्तनको सङ्केत देखाएन । अनि एसइइको नतिजा आउँदा दश कक्षा अध्यापन गर्ने शिक्षकहरूलाई मात्र दोषी देखिरह्यो । यसरी हेर्दा विद्यालय तहको आधारभूत सिकाइ सधैँभरि उपेक्षामा रह्यो र त्यसको दीर्घकालीन असर माथिल्ला कक्षाहरूमा पर्न गयो ।

### उपाय के त ?

चाहे त आफ्नो भागको काम शिक्षकले गर्न सक्छन् । आफ्नो भागको काम गरिदिए पनि सिकाइमा धेरै सुधार हुन्छ । नजाने सिक्ने अनि सिकाउने । सूचना छन् । प्रविधि छ । जानकारहरु छन् । विद्यालयमै छन् । गाउँ समाजमै छन् । वरिपरि नै छन् । किन सकिन्न ? जान्नेलाई सोधे सानो भइएला र ? सिकाइ त जीवनपर्यन्त हुन्छ नि । अल्छीपनले गाँज्यो ? इच्छाशक्ति त हुनैपर्छ नि । शिक्षकको इच्छाशक्ति मार्ने तत्वहरूको कमी त छैन । तैपनि गर्नुपर्‍यो । माथिकाले जे गरे नि गर्छन् भन्नुभएन त्यत्ति हो । प्रअले चाहे अझ धेरै गर्न सक्छन् । कसरी ? आधारभूत कक्षाको सिकाइ क्रियाकलापमाथि प्रत्यक्ष निगरानी गरेर । आधारभूत सिकाइमा टेवा पुग्ने शैक्षणिक योजना बनाएर । शिक्षकहरूलाई प्रोत्साहन गरेर । कुशल प्रशासकीय भूमिका निभाएर । शिक्षक-शिक्षकबीच समन्वय अनि आपसी सद्भावको वातावरण बनाइदिएर । विद्यालय व्यवस्थापन समितिले गर्न सक्छ– प्रधानाध्यापकको योजना र राम्रो कामलाई साथ दिएर । अल्छी प्रधानाध्यापकलाई नियन्त्रण गरेर । कुशल व्यवस्थापकीय भूमिका निभाएर । अभिभावकहरूले पनि गर्न सक्छन्– आफ्ना छोराछोरीले कति अङ्क वा जिपिए ल्याए भनेर होइन कि कति सिके भन्नेतिर ध्यान दिएर । विद्यालयका विषय शिक्षकसँग समन्वय गरेर । उनीहरुलाई झक्झक्याएर । आफ्ना नानी-बाबुलाई अनुशासन र संस्कारको पाठ सिकाएर ।

अनुमगनकर्ताले गर्न सक्छन्- नियमित कक्षाकोठाको अनुमगन र सिकाइका तौर तरिकाबारे कार्यशाला तथा गोष्ठी गरेर । शिक्षक र प्रधानाध्यापकलाई पृष्ठपोषण गरेर । शिक्षकको साथी बनेर । नियमनकर्ताले गर्न सक्छन्- किन पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि हासिल नगरी माथिल्लो कक्षा चढाइयो भनी प्रश्न गरेर । त्यस खालको प्रथालाई व्यवहारमै हटाउन पहल गरेर । माथिका यी काम कसैले गरेनन् भने कसले गर्ने त ? कसरी गर्ने ? तर विश्वास गर्ने ठाउँ छ, आधार छ । विश्वास गर्ने भनेको स्थानीय सरकारलाई नै हो । किनकि स्थानीय सरकार भनेको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकारप्राप्त निकाय हो । स्थानीय तहको माध्यमिक शिक्षाको व्यवस्थापकीय अधिकारको केन्द्र हो । आफ्नो अधिकार प्रयोग गरेर स्थानीय तहले नै माथिका सबै कुराको व्यवस्थापन गरी अरू पनि धेरै काम गर्न सक्छन् । जस्तै :-

(क) विषय प्रवेशमै भनियो, विद्यालयको भाषा र सिकाइ कमजोर रह्यो । भाषा र गणितको कमजोर सिकाइका कारण तहगत गुणस्तर देखिएन । यसको कारण अरू छैन । या त प्राथमिक तहमा भाषा र गणितकै शिक्षकमै कमजोरी रह्यो, या शिक्षक व्यवस्थापनमा । त्यसैले स्थानीय सरकारले शैक्षिक सत्र शुरु हुनुभन्दा पहिले कम्तीमा एक महिना भाषा र गणितका शिक्षकहरूलाई सामग्री निर्माण र शिक्षण-सिकाइका तौरतरिका, विद्यार्थी मूल्याङ्कन, सूचना प्रविधि आदि सम्बन्धमा पुनर्ताजगी तालिमको योजना बनाउन सक्छ ।

(ख) स्थानीय तहमा भाषा र गणितमा दख्खल भएका जगेडा शिक्षकहरूको व्यवस्था गरी शिक्षक अभाव भएका विद्यालयहरूमा आवधिकपूर्ति गर्न स्थानीय सरकारले सक्छ ।

(ग) बालविकास कक्षालाई स्मार्ट टिभी लगायत सिकाइ र खेलकुदका सामग्रीहरूले सुसज्जित गरिदिन सक्छ ।

(घ) बालविकास सहजकर्ताहरूको पेसागत विकास र उचित प्रोत्साहनका लागि बजेट व्यवस्थापन गरिदिन सक्छ ।

(ङ) साना कक्षाहरूलाई बालमैत्री बनाउन आवश्यक सामग्री व्यवस्थापन गरिदिन सक्छ ।

(च) विद्यालयहरूमा प्राज्ञिक व्यक्तिलाई प्रअको जिम्मेवारी दिने योजना बनाउन सक्छ । त्यस्ता प्रअलाई साना कक्षाको सिकाइ बलियो बनाउने योजना निर्माण गर्न लगाउन सक्छ । प्रअले बनाएका त्यस्ता योजनालाई कार्यान्वयनमा सहयोग गर्न आर्थिक व्यवस्था गरिदिन सक्छ ।

(छ) विद्यालयको नियमित सुपरीवेक्षण गरी कर्तव्यनिष्ट र इमान्दार शिक्षकहरूलाई प्रोत्साहन गर्ने कार्यक्रम बनाउन सक्छ । खराब शिक्षकहरूलाई नसिहत दिन सक्छ ।

(ज) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू निर्माण गरी आफ्नो तहमा लागू गर्न सक्छ ।

(झ) आफ्नो स्थानीय तहको सुक्ष्म शैक्षिक योजना निर्माण गरेर आधारभूत सिकाइको क्षेत्रमा अन्य थुप्रै कामहरू स्थानीय सरकारले गर्नसक्छ ।

**निष्कर्ष**: समस्या जहाँतहीँ हुन्छन् नै । समस्यासँगै समाधानका उपाय पनि सँगसँगै आएका हुन्छन् । बस् ! खोज्नु पर्‍यो । चिन्तन-मनन् गर्नु पर्‍यो । अन्तरदृष्टिपूर्ण सिकाइको चिन्तन । भिजन र मिसन भएपछि समस्याको समाधान नहुने भन्ने हुँदैन । भिजन बनाउनु पर्‍यो । मिसनमा लागिराख्न पर्‍यो । फलामलाई तताई राख्नुपर्‍यो अनि पिटिराख्नु पर्‍यो । तब पो चाहेको आकार बन्छ । आ-आफ्नो ठाउँमा सबै जिम्मेवार बन्नु पर्‍यो । चेतना नै सबै विकासको जरा हो । चेतना विद्यालयमा परिष्कृत हुन्छ । सिकाइले चेतना जगाउँछ । विद्यालयको सिकाइ नै दिगो सिकाइको जग हो । तसर्थ विद्यालयको सिकाइको सुधार र गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई तयारी बनाउनु पर्‍यो, विद्यालयहरू तयार हुनु पर्‍यो । शिक्षकहरूलाई तिखार्नु पर्‍यो । शिक्षकहरू तिखारिनु पर्‍यो । विद्यालयको सिकाइलाई कसैलेउपेक्षा गर्नु भएन । यसो गर्नु भनेको मोही माग्नु ढुङ्गो लुकाउनु भनेजस्तै हो । हैन भने, नाकैमुनिको फोहोर नदेखेपछि, देख्न नचाहेपछि, देखेर पनि सफा गर्ने बुद्धि नपलाएपछि दुर्गन्ध सुँघेर र रोगी भएर बस्न त सबै तयार हुनै पर्‍यो ।

*(लेखक मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनास्थित जालपादेवी माविका प्रधानाध्यापक हुनुहुन्छ ।)*

# बालजागृतिका विद्यार्थीको आवाज

## नेपाल

नेपाल प्यारो पवित्र देश
सौन्दर्य धारा बहने अशेष
नेपाल सुन्दर शान्त विशाल
नेपाल लुम्बिनी धर्मस्थल

नेपाल उच्च हिमालको देश
छन् हाम्रा सबै पौराणिक भेष
नेपाल जन्मभूमि हाम्रो
चोलो चौबन्दी भेष राम्रो

नेपाल बुद्ध जन्मेको देश
हामीले ज्यान दिने देश
नेपाल सुन्दर शान्त देश
सबैभन्दा प्यारो नेपाल देश



**विदुषी केसी**

नेपाल हाम्रो देश
ढाका टोपी हाम्रो भेष
हिमाल पहाड तराई
कोही छैनन् पराई


*कक्षा-४*

## मेरी आमा

उज्यालो अनुहार तिम्रो सधैं हेर्न पाउँ
अर्को जुनी पनि तिम्रै कोखबाट जन्मिन पाउँ
तिम्रो यति धेरै माया पाएर
बस्न चाहन्छु आमा तिमीसँग सधैं रमाउँछु

तिमी मलाई लाग्छ सारैनै राम्रो
सम्बन्ध हाम्रो अटुट र राम्रो
जति गाली गरेपनि तिमी मेरो आमा हौ
भगवान भन्दा माथि आमा तिमीलाई राख्छु ।

सपनाको संसारमा तिमीलाई देख्छु
आँखा खोल्दा पनि आमा तिमीलाई देख्छु ।
माया आमा तिमीलाई म सधैं गर्छु
मर्नु परे पनि आमा तिमीसँगै मर्छु ।



**सिद्धार्थ लामिछाने**

सारा संसार मेरो तिमी नै छौ
मेरो अन्धकार जीवन उज्यालो पार्ने तिमी नै छौ
आमा गाली पनि तिम्रो लाग्छ अनौठो
तिमीलाई देख्दा लग्छ आकाशबाट तारा झरे जस्तो

*कक्षा-६*

## विद्यालय परिवार

आउ साथी सँगै जाउँ विद्यालयमा
राम्रो सित पढी-लेखी बस्छौ विद्यालयमा ।
घरमा आमाबुबाले राम्रो संस्कार सिकाउनुहुन्छ
विद्यालयमा शिक्षकले राम्रो मानिस बनाउनुहुन्छ ।

विद्यालयमा पढाउने शिक्षक हाम्रो दोस्रो शिक्षक हुन्
हाम्रो पहिलो शिक्षक हाम्रो आमाबुबा हुन् ।
विद्यालयमा पढी-लेखी, जान्छौ अर्को देशमा
कमाएर परिवारलाई खुसी राख्छौ घरमा ।

आमाबुबाले घरमा दुःख गरी पैसा कमाउनुहुन्छ
हामीले विद्यालयमा राम्ररी पढी आमा-बुबालाई खुसी राख्नुपर्छ ।



**सुशील जैसवाल**

*कक्षा-५*



**चित्रकला**



**सुमित साह**
**कक्षा -७**

## जीवन



**प्रतिक बस्नेत**

जीवन हाम्रा बगेको नदी रोकेर रोकिन्न
गन्तव्य चुम्ने लक्ष्य छ हाम्रो छेकेर छेकिन्न ।
विचार हाम्रो साथ छ राम्रो साहस गर्नु छ
अँध्यारो धर्ती बनेर ज्योति उज्यालो छर्नु छ ।

मलाई साँच्चै जीवन हाम्रो बेकार लाग्दछ
वसन्त छैन हिलो र मैलो असार लाग्दछ ।
कसैले भन्छन् जीवन हाम्रो बेकार लाग्दछ
मलाई भने सिर्जना रोप्ने असार लाग्दछ ।

*कक्षा-६*

## गुरु



**अंकित गौतम**

हामीलाई सही बाटो
देखाउने गुरु
वैज्ञानिक र डाक्टर वकिल
तयार पार्ने गुरु ।

पहिलो गुरु आमा बुबा
ती मायाका खानी
जन्माई हुर्काई ज्ञान दिने
सबैभन्दा ज्ञानी ।

गुरुपुर्णे जस्तै गरी
सबै गुरुलाई
मन मर्यादा सम्मान गरौं ।
गुरुलाई नमन गर्न

पढाउने शिक्षक हाम्रा
अति उत्तम ज्ञानी
असल शिक्षा दिलाउने
हाम्रा प्यारा गुरु

भुल्नु हुन्न कदापि
त्यै बाटोले भविष्य नै
राम्रो हुन्छ सदा ।
जय गुरु

*कक्षा-६*

## घमन्डी बाहुन



**संयम रिजाल**

एकादेशमा एउटा गाउँ थियो । त्यो गाउँमा एउटा बुढी आमा पनि बसोबास गर्नुहुन्थ्यो । एकदिनको कुरा हो । बुढी आमाले बाटोमा हिंड्दै गर्दा उहाँलाई एउटा घाईते परेवा फेला पर्‍यो । उहाँलाई त्यो परेवाको दया लाग्यो । त्यसैले उहाँले त्यो घाइते परेवा घर लगी त्यसको उपचार गर्नुभयो । थोरै दिनपछि त्यो परेवा सञ्चो भएर उडेर गयो । त्यो परेवा थोरै-थोरै गरी दाना उहि दयालु बुढीआमाको घरको अगाडि छोड्दै गयो ।

त्यो दाना त्यही दयालु बुढीआमाले रोप्दै जानु भएको थियो । थोरै दिनपछि केराउको बोट फल्यो र त्यसको भित्र दयालु बुढीआमाले हेर्दा सुन, चाँदी, हीराहरु थियो । त्यसपछि एउटा बाहुनले त्यो गरिब बुढीआमा थोरै दिनमा नै कसरी धनस् हुनुभयो भनेर सोँच्न थाल्यो । उसले बुढीआमालाई गएर सोध्यो । बुढीआमाले सबै कुरा भन्नु भएपछि बाहुनले पनि बाटोमा घाइते परेवा खोज्दै गयो ।

धैरै खोजी गर्दा पनि घाइते परेवा नभेटेर उसले घर फर्की गुलेली लिएर एउटा परेवालाई घाइते बनाइदियो । घाइते बनाई सकेपछि उसले त्यो परेवालाई घर लगी उपचार गरिदियो । परेवा थोरै दिनमा सञ्चो भई उडेर गयो । त्यो परेवाले पनि हरेक दिन दाना बाहुनको घर अगाडि छोडिदिने गर्थ्यो । उसले पनि त्यसलाई रोप्यो र केही दिनपछि केराउ फलिसकेपछि केलाएर हेर्दा विषालु सर्पहरु जस्तै बस्तु थियो ।

शिक्षाः घमन्डि कहिलै नबनौं ।

*कक्षा-५*


## श्री जनजागृति माध्यमिक विद्यालय
## (प्राविधिक शिक्षालय)

हेटौंडा उपमहानगरपालिका-१३, रातोमाटे, मकवानपुर

**शिक्षक आवश्यकता**

प्रथम पटक सुचना प्रकाशित मिति २०८०/०८/२५ गते

यस विद्यालयमा प्राप्त शिक्षा विकास तथा समन्वय इकाई, मकवानपुरको च.नं. २१६, मिति २०८०/०८/२२ को पत्रबाट शिक्षक पदपुर्ति अनुमति प्राप्त भई मिति २०८०/०८/२४ मा बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णयअनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र तपशिल बमोजिमको खुल्ला उम्मेदवारीको लागि दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| क्र.स. | विज्ञापन नं. | विषय | नियुक्तिको प्रकार | संख्या | तह | शैक्षिक योग्यता | दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १ | १-०८०/०८१ | विज्ञान | करार (राहत) दरबन्दी | १ | मावि | सम्बन्धित विषयमा B.ED. वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त | रु २,५००।- |

४. तलब : नेपाल सरकारको नियमानुसार
५. परीक्षा : लिखित, मौखिक र अन्तरवार्ता
६. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. निवेदन दिने अन्तिम मिति : २०८०/०९/०८ विद्यालय समयभित्र
८. सम्पर्क मिति : २०८०/०९/०९
९. परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ ।
१०. पेश गर्नुपर्ने कागजातहरू : शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, हस्तलिखित निवेदन, वायोडाटा एक प्रति, अनुभव भए सोसमेतको प्रतिलिपी एक प्रति तथा स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी नोटरीबाट प्रमाणित गरिएका २/२ प्रति

**नोटः**- शिक्षक सेवा आयोगको करार शिक्षक सूचीमा परेकाहरूको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ दिनसम्म मात्र नियुक्ति गरिनेछ अन्यथा खुल्ला उम्मेद्वारीका लागि शिक्षा नियमावली, २०५९ संशोधनसहितका प्रक्रिया पुरा गरी पदपूर्ति गरिनेछ ।

**सम्पर्क नं. ९८४१२०८९१९ (वि.व्य.स.अध्यक्ष), ९८४५०३०८७६ (प्र.अ.), ९८४५ ४६३११० (स.प्र.अ.)**

**प्रधानाध्यापक**





## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

## QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

**सम्पर्क** ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि



## स्वादिष्ट नेवारी खाजा

अब



होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत

**सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,**

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३



## बालविवाह सामाजिक र कानुनी अपराध हो

- बीस वर्ष नपुगी बिवाह नगरौ र नगराऔं
- उमेर नपुगी विवाह गर्दा सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

**सुकराम केसी**
**वडा अध्यक्ष तथा**
**९ नम्बर वडा कार्यालय परिवार**

# हार्दिक बधाई शुभकामना


कल्पना श्रेष्ठ
अध्यक्ष


मीना कुमारी चौरेल
उपाध्यक्ष


वीरेन्द्रप्रसाद ढुंगाना
सचिव


विष्णुमाया लामा
कोषाध्यक्ष


विजयबहादुर बस्नेत
सहसचिव


हिमाल पौडेल
सदस्य


जुना दंगाल
सदस्य


जानकी चौधरी
सदस्य


यशोदा पराजुली
सदस्य


शर्मिला महत
सदस्य उत्तर-पूर्वी क्षेत्र


सिताराम दाहाल
पूर्वीक्षेत्र


फणिन्द्रनाथ सुवेदी
उत्तरीक्षेत्र


शंकरप्रसाद कालाखेती
पश्चिमक्षेत्र


मिठाराम दाहाल
संयोजक, लेखा सुपरिवेक्षण समिति


सचिता भट्टराई
सदस्य, लेखा सुपरिवेक्षण समिति


कृष्ण विडारी
सदस्य, लेखा सुपरीवेक्षण समिति

## जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड मकवानपुरको

**१८ औं साधारणसभाबाट** निर्वाचित पदाधिकारी तथा सदस्यहरुमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

मेनुका दाहाल, व्यवस्थापक
**एवम् जागरण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मकवानपुरगढी-३, मक्रान्चुली

तेजकुमारी अस्थानी, अध्यक्ष
**एवम् महिला आवाज बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मकवानपुरगढी-२

नवराज अर्याल, अध्यक्ष
**एवम् श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-४, अजरअमररोड

ईन्द्रबहादुर बस्नेत, अध्यक्ष
**एवम् हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-७, नागस्वती

मीना थापा, अध्यक्ष
**एवम् महिला मिलन बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-१३, पद्मपोखरी

माया तामाङ, व्यवस्थापक
**एवम् महिला जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-१५, चुरियामाई

शर्मिला ढुंगाना, व्यवस्थापक
**एवम् महिला एकता बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
भीमफेदी-२, भैंसे

दिपेन्द्र गौतम, व्यवस्थापक
**एवम् जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-६, चौघडा

प्रकाश खनाल, व्यवस्थापक
**एवम् सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-५, पिप्ले

बद्रिप्रसाद भण्डारी, व्यवस्थापक
**एवम् नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-२, मकवानपुर

पुष्पराज गौतम, व्यवस्थापक
**एवम् सहयात्री बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
बकैया-३, मकवानपुर

रञ्जीत अर्याल, व्यवस्थापक
**एवम् बज्रबाराही बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
थाहा नगरपालिका-३, बज्रबाराही

विष्णु प्रसाद भट्ट, अध्यक्ष
**एवम् मनहरी बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मनहरी, मकवानपुर

अचला शर्मा, अध्यक्ष
**एवम् महिला सवा बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-१२, पद्मपोखरी

विमला चौलागाई, व्यवस्थापक
**एवम् श्रृजनशील समाज बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
मकवानपुरगढी-४

राजेन्द्र पौडेल, अध्यक्ष
**एवम् साईराम बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-२

प्रेमलाल श्रेष्ठ, अध्यक्ष
**एवम् पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
हेटौंडा-४, कान्तिराजपथ

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ